## भविष्यको योजनाः

इन्स्योरेन्स इन्स्टिच्यूट नेपालले बीमकका कर्मचारीहरुमा दक्षता वृद्धि गर्ने क्रममा भविष्यमा नियमित रुपमा आवश्यकता अनुरुप तालिम कार्यक्रमहरुको आयोजना गर्दै जानेछ ।

तालिमको साथै इन्स्योरेन्स इन्स्टिच्यूट नेपाल लि. ले विदेशका बीमा इन्स्टिच्युटहरुसँग सहयोग तथा सम्बन्धन गरी बीमा सम्बन्धी व्यवसायिक कोर्सहरुको परिक्षा लिने र सोका लागि लामो अवधिको बीमा सम्बन्धी कक्षाहरु संचालन गर्ने पनि लक्ष्य राखेको छ ।

निकट भविष्यमा बीमा सेवामा प्रवेश गरी व्यवसायिकता हासिल गर्न इच्छुक बिभिन्न विधामा डिप्लोमा र डिग्री गरेका बिद्यार्थीहरुलाई पनि फुर्सदको समयमा बीमाको व्यवहारिक ज्ञान प्रदान गर्ने कार्यक्रम संचालन गरिने छ ।

इन्स्टिच्युटले आफ्नो सामाजिक दायित्व बोध गरी बीमाको सचेतना वृद्धि गराउने तर्फ आफै तथा बीमक, पुनर्बीमक तथा बीमा नियमन निकायसँग सहकार्य गरी बिभिन्न सचेतना कार्यक्रमहरु समेत संचालन गर्ने ।

इन्स्टिच्युटले भविष्यमा बीमा क्षेत्रमा अनुसन्धान कार्यमा सहयोग पुग्ने गरी पुस्तकालय तथा अन्य पूर्वाधारहरुको विकास गर्दै लैजाने सोच पनि राखेको छ ।

भविष्यमा अन्तराष्ट्रिय स्तरको तालिम, सेमिनार, गोष्ठिको आयोजना गरी नेपालमा बीमा क्षेत्रमा अद्यावधिक ज्ञान र प्रविधिको विस्तार गर्दै जाने योजना पनि इन्स्योरेन्स इन्स्टिच्युट नेपाल लिमिटेडले तर्जुमा गर्ने छ ।

**बीमा सम्बन्धी तालिमको लागि हामीलाई सम्झनुहोसः**


**इन्स्योरेन्स इन्स्टिच्युट नेपाल लिमिटेड**

(नेपालको बीमा नियमनकारी निकाय र बीमकहरुद्वारा स्थापित)

कुपण्डोल, ललितपुर

फोन नं.: ०१-५५३८७४३, ५५२१०७९, फ्याक्सः ०१-५५२०११९

इमेलः info@iin.org.np, वेबसाइटः www.iin.org.np


## फोटो ग्यालरी




बीमा समितिका अध्यक्ष श्री चिरञ्जीवी चापागाईंज्यूद्वारा यस संस्थाको उदघाटन



संस्थागत सुशासन सम्बन्धी तालिमको फोटो



जीवन बीमा अण्डरराइटिङ सम्बन्धी तालिमको फोटो

# इन्स्योरेन्स इन्स्टिच्युट नेपाल लिमिटेडको चिनारी


कुपण्डोल, ललितपुर

फोन नं.: ०१-५५३८७४३, ५५२१०७९, फ्याक्सः ०१-५५२०११९

इमेलः info@iin.org.np, वेबसाइटः www.iin.org.np

# इन्स्योरेन्स इन्स्टिच्युट नेपाल लिमिटेडको
## चिनारी

**पृष्टभुमि**

नेपालमा बीमाको ७० बर्षे इतिहास रहेको र बीमा व्यवसायको क्रमिक विकास हुँदै गएको भएता पनि बीमाको जनचेतना अझै न्यून रहनुका साथै बीमकका कर्मचारीहरुको पनि बान्छित रुपमा व्यवसायिकता तथा दक्षता विकास हुन नसकेको अवस्थालाई दृष्टिगत गरी धेरै बर्ष अघिदेखि नेपालमा व्यवसायिक तालिम प्रदान गर्ने संगठित संस्थाको अभाव टडकारो महसुस भएको थियो । केहि बर्ष अघि बीमा समिति र नेपालका निर्जीवन बीमा कम्पनीहरुले वीज रकम राखी मुख्यतया: कृषि बीमामा जनचेतना जागृत गर्ने उद्देश्यले बीमा प्रवर्द्धन कोष उपसमिति गठन गरी बीमा सम्बन्धी प्रचार प्रसार कार्यको थालनी भएको थियो । आ.व. २०७५र७६ को सुरुमा (वि.सं. २०७५ श्रावण ६ गते) उक्त कोष प्रवर्द्धन उप समिति अन्तर्गत रहने गरी जीवन बीमा कम्पनी प्रत्येकबाट रू. २ लाख र निर्जीवन बीमा कम्पनीहरुको कोष प्रवर्द्धन उपसमितिमा रहेको बाँकी वीज रकममा रु. २ लाख पुऱ्याउन प्रत्येक बीमकहरुबाट रकम उठाई बीमा समितिले आफ्नो वीज रकम रु. २२ लाख कायम गरी जम्मा रु. १ करोड वीज रकम पुऱ्याउने गरी इन्स्योरेन्स ट्रेनिङ इन्स्टिच्युटको स्थापना भयो । तत्पश्चात मिति २०७५ साल माघ १० गते उक्त तालिम इन्स्टिच्युट कम्पनी ऐन, २०६३ अन्तर्गत इन्स्योरेन्स इन्स्टिच्युट नेपाल लिमिटेडको रुपमा स्थापित गरियो ।

**कारोवारको प्रकृति:**

इन्स्योरेन्स इन्स्टिच्युट नेपाल लिमिटेडले बीमा प्रवर्द्धन तथा तालिम सम्बन्धी सेवा मूलक व्यवसायिक कारोवार गर्दछ ।

**कम्पनीको उद्देश्य:**

(१) यस कम्पनीको उद्देश्य देहाय बमोजिम हुनेछ:

(क) विद्यार्थी, बीमा सर्भेयर, बीमा अभिकर्ता, बीमकका संचालक, बीमकका कर्मचारी तथा अन्य संगठित संस्थाका कर्मचारी तथा अन्य व्यक्तिहरुलाई बीमा सम्बन्धी तालिम प्रदान गर्ने ।

(ख) अनुसन्धान, परामर्श सेवा एंव सूचना सेवा सम्बन्धी कार्यक्रमहरु संचालन गर्ने ।

(ग) बीमाको क्षेत्रमा अध्ययन, अनुसन्धान, तालिम, सेमिनार, गोष्ठी, अवलोकन आदि कार्यक्रम संचालन गर्ने ।

(घ) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बीमक, पुनर्बीमक, बीमा तालिम प्रतिष्ठानहरु संग सम्बन्ध राखी बीमा योग्य क्षेत्र पहिल्याई बीमा व्यवसायको विकास, बिस्तार र क्षमता एवम् उत्पादकत्व बृद्धिका लागि आवश्यक अनुसन्धानमूलक कार्य गर्ने ।

(ङ) बीमा सम्बन्धी स्वदेशी तथा विदेशी शैक्षिक संस्था, व्यवसायीक तालिम तथा प्रमाणपत्र प्रदायकहरुसंग सम्बन्ध स्थापित गर्ने । प्रशिक्षणको क्षेत्रमा बिभिन्न संस्थाहरुको बीच सम्पर्क माध्यमको रुपमा काम गर्ने ।

(च) जीवन तथा निर्जीवन बीमाको प्रवर्द्धन तथा विकासमा योगदान पुऱ्याउने ।

(छ) बीमा सम्बन्धी समस्याहरु पहिचान गरी तिनका समाधानका उपायहरु बारेमा सभा र गोष्ठी एवं सम्मेलनको आयोजना गर्ने ।

(ज) मुलुकका अन्य प्रशिक्षण सम्वन्धी संस्थाहरु र अन्तराष्ट्रिय संस्थाहरुसित सम्बन्धन लिई प्रशिक्षण संचालन गर्नुका साथै व्यवसायिक योग्यताको प्रमाणपत्र जारी गर्ने ।

(झ) प्रशिक्षण तथा अनुसन्धान सम्वन्धी नीति तथा पाठ्यक्रम तर्जुमा गर्ने ।

(ञ) उपलब्ध सीप, श्रम तथा पूँजीलाई उचित रुपमा परिचालन गरी औद्योगिक, व्यापारिक तथा बाणिज्य क्षेत्रको जोखिम न्यूनीकरणको माध्यमको रुपमा बीमा व्यवसायलाई सहयोग, विकास, विस्तार एवम प्रवर्द्धन गर्न प्राविधिक तथा व्यस्थापकीय परामर्श सेवा, अनुसन्धान संचालन र मूल्याङ्कन सम्बन्धी अध्ययन, सर्भेक्षण गर्ने, तालिम तथा प्रविधि उपलब्ध गराउन सहयोग पुऱ्याउने ।

(ट) बीमाका उपकरणहरुको विकास गर्ने ।

**इन्स्टिच्युटको बोर्डको गठन:**

अर्को साधारण सभा नभए सम्म इन्स्टिच्युटको संचालक समितिको गठन निम्न बमोजिम रहेको छ:

१. अध्यक्ष - श्री राजु रमण पौडेल, कार्यकारी निर्देशक, बीमा समिति ।

२. सदस्य - श्री शिवनाथ पाण्डे, प्रमुख कार्यकारी अधिकृत, सूर्या लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड ।

३. सदस्य - श्री दिप प्रकाश पाण्डे, प्रमुख कार्यकारी अधिकृत, शिखर इन्स्योरेन्स कम्पनी लिमिटेड ।

४. सदस्य - श्री विवेक झा, प्रमुख कार्यकारी अधिकृत, नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड ।

५. सदस्य - श्री नुर प्रकाश प्रधान, प्रमुख कार्यकारी अधिकृत, लुम्बिनी जनरल इन्स्योरेन्स कम्पनी लिमिटेड

**मानार्थ संरक्षक:**

बीमा समितिका अध्यक्ष श्री चिरञ्जीवी चापागाँईज्यूले इन्स्योरेन्स इन्स्टिच्युट नेपाल लिमिटेडको परिकल्पना तथा स्थापनामा दिनु भएको योगदानको उच्च कदर गर्दै इन्स्टिच्युटको संचालक समितिले उहालाई मानार्थ आजीवन संरक्षकको रुपमा कदर गरेको छ ।

**व्यवस्थापन समूह:**

१) श्री भोजराज शर्मा - प्रमुख कार्यकारी अधिकृत

२) श्री गणेश शर्मा - अधिकृत

**तालिम संचालन हुने स्थान**

हाल इन्स्योरेन्स इन्स्टिच्युट नेपाल लि. बाट हुने तालिम कार्यक्रम संचालन गर्न बीमा समितिले समितिको परिसर कुपण्डोलमा स्थान उपलब्ध गराएको छ ।

**हाल सम्म संचालन भएका तालिमहरु:**

यस इन्स्टिच्युटबाट निम्न बमोजिम जम्मा २० वटा तालिम कार्यक्रमहरु संचालन भएको र सो बाट कूल ५४० जना प्रशिक्षित भै सकेका छन् ।

१) बीमकलाई निजहरुको कर्मचारीहरुको लागि आयोजना गरिएको बिषेश तालिमहरु (Customized Trainings) - ८ वटा

२) काठमाण्डौ उपत्यका बाहिर संचालन भएका तालिमहरु:

क) पोखरामा भएका सबै जीवन बीमा कम्पनीका कर्मचारीहरुको लागि- १ वटा

ख) चितवनको कुरिनटारमा सबै जीवन बीमा कम्पनीका अध्यक्ष तथा संचालकहरुको लागि तालिम कार्यक्रम - १ वटा

ग) बीमकको संस्थागत सुसाशन सम्बन्धी प्रशिक्षण रअन्तरकृया सम्बन्धी दुई दिने तालिम कार्यक्रम - १ वटा

३) लाईफ इन्स्योरेन्स अण्डराईटिङ्ग तालिम - १ वटा

४) बीमा समितिका कर्मचारीहरुको लागि तालिम - २ वटा

५) संस्थागत सुशासन सम्बन्धी तालिम (सबै बीमा कम्पनीहरु) - १ वटा

६) मध्यमस्तरिय व्यवस्थापकहरुको लागि संचालित तालिम (सबै बीमा कम्पनीहरु) - १ वटा

७) बाणिज्य बैंकका कर्मचारीहरुको लागि संचालित तालिम - २ वटा

८) बीमा जनचेतना सम्बन्धी कलेजका विद्यार्थीहरुलाई तालिम - १ वटा

९) कृषि बीमा तालिम (सबै निर्जीवन बीमा कम्पनीका कर्मचारीको लागि) - १ वटा

१०) सम्पत्ति शुद्धिकरण सम्बन्धी तालिम (सबै बीमा कम्पनीहरु) - १ वटा

**इन्स्योरेन्स इन्स्टिच्युट अफ इण्डिया (III) को परीक्षा संचालन:**

इन्स्योरेन्स इन्स्टिच्युट अफ इण्डिया मुम्वई (III Mumbai) को बीमा लाईसेन्ससिएट (Licentiate), एसोसिएट (Associate) तथा फेलो (Fellow) को उपाधिको लागि जाँच दिने केन्द्रको रुपमा गत नोभेम्वर २०१८ र मई २०१९ का जाँचहरु यसै इन्स्योरेन्स इन्स्टिच्युट नेपाल लिमिटेड (IIN) बाट संचालन गरिएको छ । यो क्रम भविष्यमा पनि जारी हुदै जानेछ ।